दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउन परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २०९ | बुटवल | २०८२ साउन ०९ गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday July. 25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## लुम्बिनी सरकारको एक वर्षे उपलब्धि:

# राजस्व वृद्धि, कानुन निर्माण र सुशासनमा उल्लेख्य प्रगति: मुख्यमन्त्री

**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेश सरकारले एक वर्षे उपलब्धिहरुको विवरण सार्वजनिक गरेको छ । राप्ती उपत्यका देउखुरीमा बिहीबार पत्रकार सम्मेलन गरेर मुख्यमन्त्री चेतनारायण आचार्यले उपलब्धिहरुको विवरण सार्वजनिक गरेका हुन् । उनले राजस्व संकलनमा उल्लेख्य सुधार, कानुन निर्माण र सुशासन प्रवर्धनमा देखिने प्रगति गरेको दाबी गरे । उनले प्रदेश सरकार संघीय संरचनाको अपरिहार्य तहका रूपमा विकास हुँदै गएको स्पष्ट पारे ।

'सुशासनलाई केन्द्रविन्दुमा राख्दै हामीले पाँच वर्षे रणनीतिक योजना तयार पारेका छौं, जसअनुसार राजस्व वृद्धि, पुँजीगत खर्चमा सुधार, र प्रशासनिक कार्यसम्पादनमा उल्लेखनीय प्रगति भएको छ,' मुख्यमन्त्रीले भने-'सुशासनको पाटोलाई दृढताका साथ अघि बढाइनेछ ।'

उनका अनुसार चालू खर्च कटौती गर्दै पुँजीगत खर्च बढाउने रणनीति प्रभावकारी रूपमा कार्यान्वयन भएको छ। कर्मचारी व्यवस्थापन, मन्त्रालय र मातहतका कार्यालयहरूको कार्यसम्पादन मूल्याङ्कन र अनुगमनका लागि 'मुख्यमन्त्री ड्यासबोर्ड' स्थापना गरिएको छ, जसबाट नीतिगत तथा कार्यान्वयन पक्षमा नियमित अनुगमन हुने व्यवस्था मिलाइएको छ।

सरकार गठन भएको एक वर्षको अवधिमा प्रदेश सरकारले ७६ बुदे उपलब्धि सार्वजनिक गरेको हो । संघीयताको संस्थागत अभ्यासमा लुम्बिनी प्रदेशले अग्रणी भूमिका खेलेको मुख्यमन्त्री आचार्यले बताए । सरकार जनताका लागि देखिने, भेटिने र सुनिने बनोस् भन्ने उद्देश्यका साथ सञ्चालन गरिएको नीति तथा कार्यक्रमहरूले प्रदेशलाई संघीय अभ्यासको 'मोडेल' प्रदेशको रूपमा उभ्याउने प्रयास गरेको उनले बताए।

मुख्यमन्त्री ड्यासवोर्ड, किसान एप र अभौतिक सांस्कृतिक सम्पदाको विमोचन गरिएको उनले बताए । प्रदेश सरकारले स्थापना गरेको मुख्यमन्त्री ड्यासवोर्ड र प्रदेशका अभौतिक सांस्कृतिक सम्पदाको पत्रकार सम्मेलनमै मुख्यमन्त्री आचार्य र उद्योग पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले संयुक्तरुपमा विमोचन गरे । यस्तै कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले कृषि एपको उद्घाटन गरे । मुख्यमन्त्री ड्यास बोर्ड र किसान एप प्रदेश सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान लुम्बिनीले तयार पारेको हो ।

सरकारले भ्रष्टाचार नियन्त्रण सम्वन्धमा पाँचवर्षे रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याएको, चालु खर्चलाई घटाउँदै विकास खर्चलाई बढाउँदै अनावश्यक चालु खर्च न्यून गर्दै लगिएको उपलब्धिहरूमा उल्लेख छ। यस्तै पूर्व विशिष्ट श्रेणीका पदाधिकारीलाई दिँदै आएको सेवा सुविधा समेत कटौती गरिएको, मुख्यमन्त्री र मन्त्रीहरूले पालना गर्नुपर्ने आचारसंहिता जारी गरी कार्यान्वयनमा ल्याइएको, प्रदेश सरकारको खर्च गर्ने क्षमता वृद्धि गरी आर्थिक वर्ष २०८०-०८१ मा कुल खर्च ६६.१४% बाट बढेर आर्थिक वर्ष २०८१-८२ मा करिब ६% ले वृद्धि भई ७२.०९% पुगेको मुख्यमन्त्री आचार्यले बताए । अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०८१-०८२ मा साढे एक अर्ब आन्तरिक राजस्व बढेर ५ अर्ब ६४ करोड राजस्व संकलन भएको आचार्यले बताए।

यस्तै जनशक्तिको व्यवस्थापनका लागि प्रदेश निजामती सेवा ऐन र स्थानीय निजामती सेवा ऐन निर्माण गरी कार्यान्वयन गरिएको, गत एक बर्षमा ७ वटा ऐन, ४ वटा नियमावली, ४ वटा कार्यविधि तथा निर्देशिका तयार भई लागू भएका र गौरवका आयोजनामा पनि सुधार भएको उल्लेख गरे । लुम्बिनी प्रादेशिक अस्पताललाई देशकै नमूना अस्पताल बनाउने लक्ष्यका साथ १२ सय शैयाको अस्पताल निर्माणको काम तीव्र गतिमा अघि बढिरहेको र हालसम्म २७ प्रतिशत भौतिक प्रगति हाँसिल भइसकेको पाँच वर्षभित्र पूर्णरुपमा सञ्चालनमा ल्याउने योजनाका साथ प्रदेश सरकार अघि बढिरहेका मुख्य मन्त्री आचार्यले बताए । प्रदेश राजधानी देउखुरीको एकै परिसरमा प्रदेशको आफ्नै सुविधा सम्पन्न प्रशासनिक भवनहरु निर्माणको काममा ८० प्रतिशत भौतिक प्रगति हाँसिल भएको र नदी सभ्यतामा आधारित व्यवस्थित राजधानी शहरको निर्माण कार्य समेत अघि बढिरहेको उनले जनाए । राजधानी विकासअन्तर्गत नयाँ बस्ती क्षेत्रमा १५० विघा क्षेत्रफलमा ल्याण्डपुलिङ्ग अवधारणामा आयोजना सुरु हुने तयारीमा रहेको, मलमला क्षेत्रमा पनि १५० विघा क्षेत्रफलमा बहुवर्षीय योजनाअन्तर्गत आयोजना स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाइएको, शैक्षिक क्षेत्रमा प्राविधिक शिक्षालाई प्राथमिकता दिँदै बाँकेमा लुम्बिनी प्राविधिक विश्वविद्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको मुख्य मन्त्री आचार्यले बताए । यस्तै रामपुर-कपुरकोट सडकलाई प्राथमिकतामा राखेर प्रदेश गौरवको आयोजनाको रुपमा कार्यान्वयनमा अघि बढाइ हालसम्म कुल ४४.४० कि.मि. सडक कालोपत्रे सम्पन्न, ३.८ कि.मि. ग्राभेल सम्पन्न भएको र २१.१५ कि.मि. सडक कालोपत्रे गर्ने तयारीमा रहेको उनको भनाइ छ।

**सडक गुरुयोजना**

प्रदेश सडक सञ्जाल गुरुयोजना निर्माणगरी कार्यान्वयमा ल्याइएको, जसअन्तरगत १५ वटा लोकमार्ग र ५८२ वटा प्रादेशिक सडक समेटिएका र यस अवधिमा १६५ किलोमिटर कालोपत्रे, ३४ किलोमिटर ढलान, १६७ किलोमिटर ग्राभेल र १२३ किलोमिटर कच्चि सडक निर्माण सम्पन्न भएको मुख्य मन्त्री आचार्यले बताए । यस्तै ३५ वटा मोटरेवल पुल र १७ वटा झोलुङ्गे पुलहरू पनि बनेका र यी पूर्वाधारबाट करिब ३० लाख जनसंख्या प्रत्यक्ष लाभ पुगेको तथा १६ हजार बढीले वर्षैंभरि रोजगारी पाएका उनले बताए। विकास व्यवस्थापनको कामलाई सुधार गर्न आयोजना बैंक कार्यान्वनयमा ल्याउन र विकास ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउनेगरी प्रदेश सरकार अघि बढीरहेको बताए।

खानेपानीतर्फ ८६ प्रतिशत नागरिकलाई आधारभूत सेवा पुगेको, एक वर्षमा १३६ खानेपानी आयोजना सम्पन्न भई १८ हजार ८ सय ७० घरधुरी लाभान्वित भएका जानकारी दिँदै उनले प्रदेश स्थापनादेखि हालसम्म ६ सय ६६ आयोजना सम्पन्न भई १ लाख ८२ हजार ८ सय ८१ घरधुरीमा स्वच्छ खानेपानी उपलब्ध भएको बताए।

कृषि क्षेत्रमा पूर्ण यान्त्रीकरण एवम् व्यवसायीकरणलाई प्रदेश सरकारले प्राथमिकता दिएको छ। सिँचाइ सुविधा विस्तारमा ठूलो प्रगति भएको छ। ९ सय७२ साना सिँचाइ आयोजना सम्पन्न भई ८३८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको छ । विभिन्न कृषिजन्य



उत्पादन र पशुपालनमा विशिष्ट कार्यक्रमहरू कार्यान्वयन भएका छन् । गुणस्तरीय बिउ उत्पादन र वितरणलाई उच्च प्राथमिकतामा राखिएको छ। शुलभ कर्जा तथा व्याज अनुदान कार्यक्रमबाट कृषकहरूलाई आर्थिक सहयोग गरिएको छ। केही वर्षमा लुम्बिनी प्रदेशलाई पूर्ण अर्गानिक प्रदेश बनाउनेगरी सरकारले प्राथमिकताका साथ कार्यक्रम सुरु गरेको छ।

सामाजिक विकासमा 'मेरो विद्यालय, मेरो दायित्व' अभियान आरम्भ गरिएको छ। प्रदेश सरकारको सहयोगबाट ५ हजार ८ सय विद्यालय र १२ लाख ८८ हजार विद्यार्थीहरूलाई सेवा प्रदान गरिएको छ। एसईई नतिजा सुधारमा समेत उल्लेखनीय प्रगति भएको छ। २०८० मा ३७ प्रतिशत नतिजा रहेकोमा २०८१ को परीक्षामा २५ प्रतिशतले नतिजा सुधार भई उत्तिर्ण प्रतिशत ६२ पुगेको छ।

२० वटा सामुदायिक विद्यालयमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको छ। प्रदेशभरका ६ हजार ४ सय ९० जना लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको छ । सिमान्तकृत, दलित, मुक्त कमैया, कम्लहरी, अपाङ्गता भएका विद्यार्थीहरू तथा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्तिबाट लाभान्वित बनाइएको प्रदेश सरकारको शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ। प्रदेशले १ हजार ७ सय १० जनालाई व्यावसायिक तथा सीपमूलक तालिम पनि प्रदान गरेको छ। प्रदेशमा एक वर्षको अवधिमा ३९० नयाँ कक्षाकोठा निर्माण गरिएको छ। ५० वटा विद्यालयमा शौचालय निर्माण गरिएको छ। १२ वटा आइसिटी ल्याव र ११ वटा विज्ञान प्रयोगशाला निर्माण गरिएको हो।

**स्वास्थ्यमा नवीनतम योजना**

स्वास्थ्य क्षेत्रमा मातृ मृत्युदर, बाल मृत्युदर, कुपोषणलगायतका समस्यालाई सम्बोधन गर्न पोषण विशेष कार्यक्रम सञ्चालन भइरहेको छ। क्यान्सर, मुटु भल्भ फेर्न र मृगौला प्रत्यारोपणजस्ता उपचारमा विशेष आर्थिक सुविधा प्रदान गरिएको छ। मानसिक स्वास्थ्य योजना स्वीकृत गरि कार्यान्वयनमा ल्याइएको छ भने मृगौलाको डायलासिस सेवा विस्तार भएको छ। ३ हजार ८ सय ५१ जना जटिल रोगबाट पीडित बिरामीलाई आर्थिक सहायता प्रदान गरिएको छ। आर्थिक अवस्था कमजोर भएका बिरामीलाई लक्षित गरी उपलब्ध गराइएको यो सहायता उपचारको पहुँच विस्तारमा महत्वपूर्ण रहेको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

त्यस्तै, ८० वर्षभन्दा माथिका ३९ हजार १ सय ७५ जना ज्येष्ठ नागरिकलाई घरमै गएर स्वास्थ्य सेवा प्रदान गरिएको छ । मोबाइल स्वास्थ्य सेवा टोलीमार्फत् वृद्धवृद्धाहरूलाई सहज रूपमा घरमै स्वास्थ्य परीक्षण तथा परामर्श उपलब्ध गराइएको हो । प्रदेशभरका सामुदायिक विद्यालयमा अध्ययनरत ५२ हजार ४ सय ६५ जना किशोरीहरूको रक्त परीक्षण गर्दा ४१ प्रतिशतमा रक्तअल्पता (एनिमिया) देखिएको पाइएको छ। यसपछि आइरन र फोलिक एसिड वितरणलाई पुनः सशक्त बनाउँदै आवश्यक औषधीउपचारको व्यवस्था गरिएको छ।

यसैबिच, बालस्वास्थ्य क्षेत्रमा पनि ठोस उपलब्धि हासिल भएको छ। ७५ हजार ६ सय ३५ जना बालबालिकालाई पूर्णखोप प्रदान गरिएको छ। नियमित खोप अभियानमार्फत् बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गरिनुका साथै खोप कार्यक्रमको प्रभावकारिता अझ मजबुत भएको जनाइएको छ।

**खेलकुद, विपद् व्यवस्थापन, पर्यटनमा प्राथमिकता**

युवा तथा खेलकुद क्षेत्रमा उजिरसिंह रंगशाला निर्माण प्रक्रियालाई अघि बढाइएको छ। प्रदेशस्तरीय खेलकुद प्रतियोगिताहरू सफलतापूर्वक सञ्चालन गरिएका छन् ।

» बाँकी ३ पेजमा

# लुम्बिनीका तराईका जिल्लामा 'नक्कली' मल छ्यापछ्याप्ती




भैरहवा । लुम्बिनी प्रदेशका तराईका जिल्लाहरुमा खुल्ला सीमा नाकाको फाइदा उठाउँदै कुनै मापदण्ड नभएका 'नक्कली' युरिया र डीएपी मलहरु भित्रिएको पाइएको छ । यस्तै, खुल्ला नाकाबाट प्राङ्गारिक मलका नाममा पनि अवैध मल भित्रिरहेको छ । धान रोपाइँलाई लक्षित गरी भारतबाट भित्र्याइएका यस्ता मल कति गुणस्तर छन् ? भन्नेबारे कहीकतै परीक्षण गरिएको छैन । खासगरी रुपन्देही, पश्चिम नवलपरसाी, कपिलवस्तु, बाँके र बर्दियामा 'नक्कली' मल खुलेयाम भित्र्याएर किसानलाई विक्री गरिरहेको स्वयं किसानहरु बताउँछन् । नक्कली मल तराईका जिल्लाका गाउँगाउँ छ्यापछ्याप्ती भेटिन्छ ।

कृषि मन्त्रालयबाट अनुमती नै नलिई भन्सार कार्यालयबाटै मल भित्रिरहेको मल उद्योगी बताउँछन् । नेपाल सरकारको नीतिभन्दा बाहिर गएर केही व्यवसायीहरुले भन्सार नाकाबाटै सोइल कन्डिसनर, रक फस्फेट प्रोम मल (पी २ ओ ५) १० प्रतिशत जस्ता मलहरु भित्र्याइरहेका छन् । यस्ता मलमा भन्सार शुल्क र मूल्यअभिवृद्धि कर नै नलिई भित्र्याइएको नेपाली मल उद्योगको दाबी छ ।

रुपन्देहीको रोहिणी गाउँपालिका-४ मा नेपालमै पहिलो दानेदार अर्गानिक मल उत्पादन गर्दै आएको ग्रोमोर फर्टिलाइजरका सञ्चालक सिद्धार्थ अग्रवालले मापदण्ड र गुणस्तरहीन मल आयात भइरहँदा सरकारी पक्ष चुप लागेर बसेको जनाए । कृषि विज्ञहरुका अनुसार गुणस्तर नै जाँच नगरिएको मल प्रयोग गर्दा माटोमा अम्लियपना आउने, खेतबारीको माटो कसिलो हुने, उत्पादन र उत्पादकत्वमा ह्रास आउने हुन्छ ।

ग्रोमोरले भन्सार विभागका महानिर्देशकलाई पत्र लेख्दै भन्सार र खुल्ला नाकाहरुबाट आयात भइरहेको मापदण्डविपरीतको मल आयत रोक्न आग्रह गरेको छ । 'केही व्यापारीले भन्सार नाकाबाटै स्वीकृतिविना मल भित्र्याइरहेका छन्, जसमा भन्सार र भ्याट पनि लाग्दैन', महानिर्देशकलाई पठाइएको पत्रमा भनिएको छ-'यसैक्रममा विगत ३० महिना अगाडि भैरहवा भन्सार कार्यालयबाट भन्सार तिरेर भित्रिएको मल जिल्ला प्रहरी कार्यालयले पकाउ गरी कृषि कार्यालयमा बुझाउँदा मल आयात गर्ने प्रकिया अवैधानिक रहेको भनि जफत गरिएको थियो ।' उक्त कुरा ग्रोमोरले सरकारलाई स्मरण गराएको छ ।

त्यसपछि केही समय यो काम रोकिएता पनि फेरि विभिन्न नाकाबाट आयात र चोरीपैठारीबाट मल भित्रिन सुरु गरेको अग्रवालले जनाए । 'महानिर्देशक ज्यूसँग विनम्र अनुरोध छ कि यस्ता गलत प्रक्रियाबाट राज्य र जनतालाई नै ठग्ने गरेर भित्र्याइएको मलखादलाई प्रकियागत नै तरिकाले भित्र्याउने वातावरण बनाइदिन आग्रह छ ।'- पत्रमा भनिएको छ ।

ग्रोमोर नेपालकै ठूलो दानेदार प्रांगारिक मल उद्योग हो । उद्योगको प्रतिदिन उत्पादन क्षमता २ सय मेट्रिक टन छ । यो उद्योग लुम्बिनी प्रदेश सरकारको कृषि तथा भूमि व्यवस्था मन्त्रालयमा सूचीकृत छ। 'यस उद्योगको उद्देश्य प्रांगारिक मलको प्रयोगलाई बढाएर माटोको सुरक्षा र गुणस्तर सुधारसँगै बढ्दो व्यापार घाटा सन्तुलनमा ल्याउनु हो', अग्रवालले भने- 'तर, जथाभावी मापदण्डविनैका मल आयात हुँदा एकातर्फ किसान ठगिएका छन् भने अर्कातर्फ उत्पादनमा ह्रास आइरहेको छ । यसैले अवैध मल आयातलाई तत्काल रोक्नुपर्छ ।'

अहिले भारतीय बजारबाट अवैध तरिकाले भित्रिने मल नेपाली बोरामा प्याकिङ गरेको, नेपाली भाषामै स्वदेशी मल लेखिएको र सरकारी मापदण्ड कुनै पालना नगरिएको पाइएको अग्रवाल बताउँछन् ।

» बाँकी ३ पेजमा



२०८२ साउन ०९ गते शुक्रबार
Friday July 25, 2025
दैनिक लुम्बिनी

## सम्पादकीय

# अन्ततः रूकुमकोट सदरमुकाम

सरकारले रूकुम पूर्व जिल्लाको सदरमुकाम रुकुमकोट कायम गर्ने निर्णय गरेको छ। रूकुम पूर्वको सदरमुकामसम्बन्धी विवाद सडकदेखि अदालतसम्म पुगेको हो । अदालतको फैसलापछि आवश्यक प्रक्रिया पूरा गरेर सरकारले रूकुमकोटलाई कायम गर्ने निर्णय गरेर विवादको सहज अवतरण गरेको छ।

स्थानीय बासिन्दाको भावनामाथि राजनैतिक नेतृत्व खेल्दा विवाद चर्किएकोमा दुईमत छैन । राजनैतिक स्वार्थको जालोमा गोलखाडा कि रूकुमकोट भन्ने विषय चर्किएको हो । कहिले रूकुमकोट त कहिले गोलखाडा कायम गर्ने निर्णयले पूर्वी रूकुमवासीलाई दुई समूहमा बाँड्यो, क्षेत्रीय द्वन्द्वको आगो सल्किएपछि कति समस्या चर्किन्छ भन्ने यो एउटा उदाहरण हो। जातीय र क्षेत्रीय द्वन्द्व कति घातक हुन्छन् भन्ने उदाहरण रूकुम पूर्वको सदरमुकामको विषय हो।

वि.सं २०१८ सालमा नेपालमा रहेका ३६ जिल्लालाई बढाएर ७५ वटा बनाएपछि तत्कालीन जाजरकोट र सल्यान जिल्लाको केही भू-भाग मिलाएर रुकुम जिल्ला कायम भएको थियो । त्यसपछि २०१९ सालदेखि २०२९ चैतसम्म जिल्ला सदरमुकाम रुकुमकोट नै थियो। २०३० बैशाखमा यहाँबाट जिल्ला सदरमुकाम हालको रुकुम पश्चिमको सदरमुकाम रहेको मुसिकोटमा सारेको इतिहास छ । यसपछि २०७२ असोज ३ गते जारी भएको नयाँ संविधानले रुकुम पूर्व भाग छुट्टै जिल्लाका रुपमा रहने व्यवस्था गऱ्यो । त्यसपछि रूकुमकोटमा विभिन्न सरकारी कार्यालय उद्घाटन भए। कार्यालय उद्घाटन भएको केही महिनामै २०७४ माघ १५ गते सरकारले जिल्ला सदरमुकाम रूकुमकोटको सट्टा पुथाउत्तरगंगा गाउँपालिका वडा नं. १२ गोलखाडामा हुनेभनेर निर्णय गरिदियो । यहीविन्दुबाट विवाद चर्केर सर्वोच्च अदालतसम्म पुग्यो । अर्कोतिर सरकारको निर्णय कार्यान्वयन हुनुपर्ने भन्दै गोलखाडा पक्षधर दिनहुँ रूकुमकोटमा आन्दोलन गरे, आन्दोलन चर्केर हिंसात्मक बन्यो । सर्वोच्च अदालतमा परेको रिट उपर २०८० भदौ १७ गते तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसहितको संवैधानिक इजलासले 'यसअघि गरेको सरकारको निर्णय उत्प्रेषणको आदेशबाट बदर भएको' भनेर सरकारका नाममा परमादेश जारी गऱ्यो । उक्त आदेशमा 'पर्याप्त आधार र मापदण्डलाई टेकेर पुनः सरकारले सदरमुकाम तोक्नुपर्ने तथा सदरमुकाम तोक्दा मापदण्ड बनाएर सदरमुकाम सार्ने वा तोक्ने गर्नु' भन्ने आदेश भयो । अदालतको आदेशका आधारमा आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेर जिल्ला सदरमुकामको विषयमा सरकारले निर्णय गरेको छ। रूकुमकोट सदरमुकाम तोक्ने निर्णय गर्नु जति जायज छ, असन्तुष्ट पक्षलाई सहमति र सहकार्यमा ल्याउने काम तहगत सरकारबाट हुनुपर्छ । द्वन्द्वले बल्झिएको घाउलाई बढाउनुहुन्न । नागरिकको कुडिएको मनलाई बिर्साउने वातावरण उचित अभिभावकत्व दिएर मात्रै सम्भव छ।

रूकुमकोट तीब्र गतिमा शहरीकरण भइरहेको छ। मध्यपहाडी लोकमार्गमा पर्ने यो नयाँ शहरको रूपमा विकास हुँदैछ । शहरीकरणलाई योजनाबद्ध तरिकाले अघि बढाएर भविष्यमा अर्को अस्तव्यस्त शहर बन्नबाट रोक्नुपर्छ। अबको प्राथमिकता योजनाबद्ध विकासको हो।

# बाचुञ्जेल पार्टी नेतृत्वमा रहिरहने दुई वाम नेता



विन बहादुर कुँवर





हालै भएको नेकपा एमाले केन्द्रीय समितिको बैठक यही साउन ६ गते मंगलबार सकिएको छ । उक्त बैठकको मूल एजेण्डा आगामी भाद्रमा हुने भनिएको विधान अधिवेशनमा प्रस्तुत संशोधित विधान प्रतिवेदनमाथिको छलफल नै मुख्य थियो । त्यसमा पनि अझ मुख्य एजेण्डा विगगतका महाधिवेशनमा भएको ७० वर्षे नेतृत्वको हद सीमा अवधि अनि दुई वर्षे अध्यक्षको कार्यकालको थियो । त्यस्तै अर्को विषय पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको एमाले पार्टी प्रवेश अनि पद र कामको जिम्मेवारीको थियो । यी दुवै विषयमा केही छलफल भए पनि अन्ततः एमाले अध्यक्ष तथा प्रम केपी ओलीको ठाडो आदेश र निर्देशनमा ७० वर्षे उमेर र दुई वर्षे कार्यकाको हद म्याद खारेज गरी अब पुनः वर्षौंसम्म अर्थात् सास छउञ्जेल प्रम केपी ओली नै उक्त पार्टीको अध्यक्ष भइरहने ढोका खुलेको छ।

एमाले पार्टीमा देखिएको यो पदीय नेतृत्वको हानथाप र लुछाचुँडी अहिले मात्रै देखिएको होइन। पटक-पटक देखिंदै आएको छ । सीपी मैनाली, वामदेव हुँदै माधव, झलनाथ अनि भीम रावल हुँदै विद्या भण्डारीसम्म आएको छ। सीपी मैनालीले छुट्टै दल नेकपा (माले) निर्माण गरी त्यसैको नेतृत्व गर्दै आएका छन् भने माधव-झलनाथ र वामदेवले नेकपा एकीकृत (समाजवादी) छुट्टै कम्युनिष्ट पार्टी निर्माण गरी त्यसैमा सक्रिय हुँदै आएका छन्। त्यस्तै भीम रावलले छुट्टै राजनीतिक अभियान सञ्चालन गर्दै आइरहेका छन् । तर फेरि अहिले एमालेमा पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको पुनः आगमनले अर्को नयाँ राजनीतिक तरङ्ग उत्पन्न भएको छ।

भनिन्छ पहिलो गाँसमा नै ढुंगा । ठीक यहाँ अहिले एमाले पार्टीमा पूर्व राष्ट्रपति विद्या भण्डारीलाई भएको छ। केही महिना पहिलेदेखि विद्याको एमाले प्रवेशको चर्चा हुँदै आएको थियो । गत वर्ष नै पार्टी सदस्यको पुनः नवीकरण भइसकेको भनिएको थियो । तर अहिले यही आगामी हुने भनिएको पार्टी विधान अधिवेशनलाई मध्य नजर गर्दै विद्या भण्डारीले आफ्नो एमाले पुर्नगमनको इच्छा आकांक्षालाई प्रकट रुपमा अघि सारिन्। त्यही अनुरुप देश विदेश भ्रमण भेटघाटलाई तीव्रता पार्ने काम गरिन । पार्टीभित्र र बाहिर त्यसले धेरै चर्चा पायो। पक्ष-विपक्षमा धेरै मान्छेका धारणा प्रकट भए । तर अन्ततःत्यसलाई एमाले केन्द्रीय कमिटीले पूर्णबिराम लगाइदिएको छ। हुन त यसको छिनोफानो गर्ने अन्तिम निर्णय त पार्टी महाधिवेशन नै हो। तर अहिले नै प्रम केपी ओलीको ठाडो आदेशमा त्यसलाई तिरस्कार गराइयो। विद्याको पार्टी सदस्य बन्ने इच्छालाई रोकियो। एक प्रकारले पूर्व राष्ट्रपतिको पदीय हैसियतलाई तिलाञ्जली दिँदै पुनः एमाले पार्टीमा नै पुनर्स्थापित हुने विद्याको चाहनालाई प्रम ओलीले ठाडो हस्तक्षेप गरी उनलाई अब घर न घाटको बनाइ छाडेका छन्। विद्या भण्डारीले पूर्व राष्ट्रपतिको हैसियत आफ्नै स्वइच्छाले छाडिसकेकी छन् । अब फेरि एमाले दलको साधारण सदस्यको हैसियत नै नपाएपछि भएन त घर न घाटको। अब विकल्प विद्याका अगाडि अर्को नयाँ दल निर्माण गर्ने कि अर्को कुनै दलमा प्रवेश गर्ने वा प्रम ओली सामु आत्मसमर्पण गर्नुभन्दा अरु विकल्प नै देखिदैन।

यो एमाले केन्द्रीय समितिको बैठक सकिएपछि लगत्तै विद्या भण्डारीले आफ्नै निवासमा पत्रकार भेटघाट गरी त्यो निर्णयको खुलेर विरोध गरिन् । विरोध मात्रै होइन आफ्नो पक्षमा बोल्ने नेताहरुलाई प्रम ओलीको धम्की र कारबाही गर्ने चुनौतीप्रति आक्रोश व्यक्त गर्दै अब पछि फर्कने, चुप लागि बस्ने अवस्था नै छैन। खुलेरै त्यसको प्रतिकार गर्दै अघि बढने भनाइले भने प्रम ओलीसामु आत्मसर्पण होइन, संघर्ष नै गर्ने चुनौती प्रस्तुत गरेकी छन् । निश्चय नै विद्रोह गर्ने अधिकार उनमा पनि छ। केपी ओलीको हैकम र अधिनायकवादको प्रतिकार गर्ने स्वयं फलामले फलाम काट्छ भने जस्तै कुनै बेलाका यी दुई लाल जोडी विद्या- ओलीबिचको यो फाटो र द्वन्द्वले भविष्यमा कस्तो रुप लिने हो ? हेर्न बाँकी छ।

पूर्व राष्ट्रपति विद्या भण्डारीले त्यस्तो के अपराध गरिन् जुन पूर्व राष्ट्रपतिको पद र त्यसमार्फत् पाउने सुख, सुविधा, भत्ता, मान मर्यादा सबै त्यागिन् र पुनः एमाले पार्टी सदस्य भई देश र जनताको हित, प्रगति र समुन्यतिका लागि केही सहयोग र योगदान गर्ने चाहना राख्नु अनि त्यो गर्न नदिने प्रम ओलीको निर्देश र आदेशप्रति नतमस्तक भई बस्ने एमाले केन्द्रीय सदस्यहरुको यो समर्थन र सहयोग ओलीले भन्ने गरेको झोले दलाली र चाकडीकै परकाष्ट हो। तर विद्याले के बुझ्नु पर्दछ भने यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताको चरित्र नै यस्तो हो जसले पनि बलेकै आगो ताप्न खोज्छन् । ओलीको चाकडी र दलाली गर्न एमाले धेरै जसो नेता कार्यकर्ताहरुकै यो प्रवृत्ति हो। हिजो मदन भण्डारी र विद्यालाई हाई हाई गराउने यो एमाले जमात अब ओली कै नेतृत्वमा उनीहरुलाई यदाका लागि बाईबाई गर्ने यो नाङ्गो, छुद्र, घृणा र विरोधबाट हुने निश्चित छ। त्यसको सुरुवात मदन भण्डारीको स्मृति दिवसका अवसरमा प्रम ओलीले मदन भण्डारीको चरित्रमाथि अनावश्क बेमौसमको बाजा जुन बहुपत्नीको श्रीमान भएको र सहकारी रकम हिनामिना गरेको जस्ता भनाइ प्रकट गरेबाट स्पष्ट भइसकेको छ।

आखिर शत्रु र दुष्मन खोज्न अन्यत्र पराई कतै पनि जानु पर्दैन । आफैभित्र आफ्नै हितैषीहरुबाट नै त्यसको दुष्मनी र धोका हुन्छ । कुनै बेलाका एमालेका दुई लाल जोडी ओली-विद्याबीचको यो दुष्मनीले एमाले पंक्तिमा ठूलै तरङ्ग सिर्जना गरेको छ भने विद्या माथि ठूलो राजनीतिक संकट पैदा गरेको छ । यही दैनिक लुम्बिनी पत्रिकामा मैले लेखेको एउटा जंगलमा दुई बाघ मिली बस्न नसक्ने आसय अन्ततः अब एमाले पार्टीमा विद्या-ओली बीचको यो धोका षडयन्त्रबाट स्पष्ट भएको छ। आखिर हिजो को कहाँ कस्तो पद र जिम्मेवारीमा थियो त्यसको आधारमा कसैको पनि मूल्यांकन हुँदैन । बरु हिजो उसले के गऱ्यो र अब उसले के गर्दैछ र गर्नका लागि अग्रसर छ भन्नेमा मूल्यांकन गरिनु पर्दछ। विद्याको हिजो जुन पार्टी जिम्मेवारी राष्ट्रपतिको थियो। त्यो एमाले पार्टीकै निर्णय थियो। आफैँ एकाएक आकाशबाट झरे जस्तै मिलेको पद होइन। विगत र वर्तमानमा पार्टीको मूल्यांकनको आधारमा त्यो भएको थियो । अब उक्त राष्ट्रपतिको कार्यकाल सकिएको दुई वर्षपछि पुनः पार्टीमा सक्रिय हुन्छुभन्दा त्यो गर्न नदिने एमाले ओली एण्ड कम्पनीको नियतमा नै खोट छ। विद्यालाई पार्टी सदस्यता नै नदिने ओलीको त्यो ठाडो आदेश वर्तमान मौजुदा संविधानविरुद्ध छ नै। त्यो भन्दा पनि अझ ठूलो व्यक्तिको नसैंगिक स्वतन्त्र मौलिक अधिकारमाथिको हस्तक्षेप हो । मानौं ओली पार्टीका भगवान हुन् उनीको बोली सबै देवत्व निर्देश र आदेश हो जसलाई विरोध गर्ने अधिकार कसैलाई छैन, गरे त्यसलाई दण्डित पारिन्छ।

कुनै बेला दरबारिया तानाशाहहरुले भन्ने गर्दथे सबै पंच नेपाली र सबै नेपाली पञ्चे । ठीक आज एमाले पार्टीभित्र पनि ओली भन्ने नै एमाले र एमाले भन्नु नै ओली भन्ने भोजन किर्तन गाइन थालेको छ। स्वयं प्रम ओलीले नै भन्ने गरेका छन्, ओली विनाको एमालेको कल्पना नै गर्न सकिन्न। उसो भए कुनै कारण ओली यता उती वा निधन भए के एमालेको अस्तित्व नै खतम हुने हो त ? त्यसो हो भने अब एमाले पार्टी पार्टी नै रहेन। त्यो केवल ओलीकै निजी कम्पनी अनि ओलीकै ब्राण्डमा सञ्चालित व्यक्तिवादी पार्टीभन्दा केही फरक पर्ने देखिन्न । कुनै बेला काठमाडौंको खुला टुंडिखेलबाट तत्कालीन राजा वीरेन्द्रलाई हाँक दिदै मदन भण्डारीले भनेका थिए-राजाले राजनीति गर्ने भए त्यो श्रीपेच फुकाली खुला मैदानमा आई बक्सियोस् म खुल्ला प्रतिस्पर्धा गर्न तयार छु। त्यस्तै अहिले पनि कांग्रेसी सभापति देउवा र एमाले अध्यक्ष ओलीले पूर्व राजा ज्ञानेन्द्रलाई खुल्ला पार्टी दर्ता गरी राजनीतिमा आउनु चुनौती गरेकै हुन् । तर अहिले फेरि आफ्नै पार्टीकी पूर्व उपाध्यक्ष विद्या भण्डारीले आफूले खाइपाइ आएको रासन, भत्ता, मान मर्यादा सबै परित्याग गरी पुनः पार्टीमा फर्किन्छुभन्दा त्यो गर्न रोक लगाउने एमाले ओली र उनका झोले दलालहरुको यो कदम नाङ्गो र निरंकुश फासिवादी शैली हो। राजनीतिक रुपमा प्रतिस्पर्धा गर्नुभन्दा यस्ता केही झिना मसिना अड्चन र कथित राजकीय सम्मानका कुरा अघि सारेर त्यसबाट पन्छिनु एमालेले भन्ने गरेको जबजको मूल सिद्धान्त राजनीतिक प्रतिस्पर्धाबाट भाग्ने र पंछिने षड्यन्त्र दाउँ मात्र हो। नत्र भने विद्या पार्टीमा आउँदा स्वागत गर्दै उनको चाहना मिलमिलाप सहकार्य हो वा व्यक्तिगत र राजनीतिक प्रतिस्पर्धा गर्न के खोज्नेको हो ? त्यही अनुरुप जाँदा भइहाल्थ्यो । तर ओलीको मन व्यवहार त्यस्तै छैन माथि भने जस्तै जंगली हिंस्रक पशु सिंह र बाघको जस्तै छ आफू अगाडि त्यस्तो कोही नआउनु आफैँ सर्वेसर्वा अरु सबै झोले दास र कारिन्दा मात्रै होउन । राजनीतिक प्रतिस्पर्धा गर्न डराउनु सामन्ती, निरंकुशताकै उपज हो।

समग्रमा भन्दा नेपाल कम्युनिष्ट पार्टीको विगत र इतिहास नै यस्तै छ । मिली कोही नबस्ने । राजनीतिक प्रतिस्पर्धाभन्दा व्यक्तिगत गाली गलौज, खुरापाती, जालझेल र षड्यन्त्र मात्रै गरिरहने । एकले अर्कालाई देखिनसहने । त्यस्तै नेताहरुमध्ये पहिलो बयोवृद्ध नेता क.मोहनविक्रम सिंह हुन भने अर्का फुच्चे नेता क.केपी ओलीमा देखिंदैछ। के जाति अरिङ्गाल खाए बछ्यौं खाएँ झुसे बारुला विद्याको यो राजनीतिक चुरीफुरीलाई ओलीले के टेरुन् । मोहन विक्रमले पुष्पलाल, झापाली, निर्मल लामा, मोहन वैद्य र प्रचण्ड साथै बाबुराम दिनानाथ अन्तिममा सन्तबहादुर नेपाली र कृष्ण पौडेल जस्ता धेरैलाई धपाए । अब फेरि पालो कसको आउँदैछ ? जीवनमा बाचुञ्जेल त्यही खेल चलिरहन्छ क. मोहन विक्रमको। नौ दशक उमेर काटिसक्दा पनि पार्टी नेता भई नै रहने । सानामा लागेको बानी कहीं पनि नजानी ? ठीक यसको पिंढो अब एमाले पार्टीमा क. ओलीले थाम्दैछन्। ओलीले पनि सीपी, झलनाथ, माधव, वामदेव, भीम रावल यतिसम्म कि प्रचण्डलाई समेत धपाए, अब पालो विद्याको । उमेर ७४ वर्ष भयो तर अब २०, २५ वर्ष एमाले नेतृत्वका लागि कसैले नचाहे हुन्छ भन्दै छन्, ओली । उमेर वर्षले र काम व्यवहारले अब ओली मदन पथबाट विस्तारै मोहन विक्रम पथमा लम्किदै छन् । बाचुञ्जेल पार्टीको सत्तामा बसी रमाइरहने शीर्ष दुई वाम नेता क. मोहन विक्रम र क. ओली दुवैलाई बधाई र सफलताको शुभकमना। तर पूर्व राष्ट्रपति विद्यादेवीप्रति भने सहानुभूति। माथि भनेजस्तै विद्रोह गर्ने जनताको अधिकार हो। हुन त विद्या पनि कुन बारीकी मूल हुन् र त्यही एमाले बारीकी, त्यही मदन भण्डारी, झलनाथ, माधव अनि पछिल्लो कालमा यिनै ओलीद्वारा पालित, पोषित र संरक्षित नै त हुन्। तै पनि एमाले ओली नेतृत्वको त्यो एकमना व्यक्तिवादी अधिनायक फासिवादी चरित्रकाविरुद्ध विद्याको आगामी काम कारबाही कस्तो हुनेछ ? त्यही आधारमा उनको समर्थन वा विरोध गर्दा नै राम्रो हुनेछ।

# पानी तथा किटजन्य रोगको जोखिम बढ्दै, कसरी जोगिने ?

डा.शेरबहादुर पुन

वर्षात्मा पानीजन्य तथा किटजन्य रोगको जोखिम बढ्दै जान्छ । यतिबेला रुघाखोकीको पनि जोखिम समेत बढ्ने भएकोले यी रोग लाग्ने कारणको पहिचान गरी त्यसै अनुसार सतर्कता अपनाउन जरुरी छ। अहिले वर्षायामको सुरुवात मात्रै भएको छ। यतिबेला झाडापखाला धेरै देखिएको छ। किटजन्य रोगमा लामखुट्टेको टोकाइबाट डेंगुको संक्रमण यो समयमा बढ्ने गर्छ।

गत वर्ष जापानिज् इन्फेलाइटिसबाट नेपालभर १ दर्जनभन्दा बढीको मृत्यु भएको थियो, यस वर्ष त्यही क्रम बढ्छ कि भन्ने डर पैदा गरेको छ। यसका लागि समस्याको पहिचान तथा समाधानको खोजीनीति गर्न आवश्यक छ । धेरै समयपछि गत वर्ष जापानिज् इन्फेलाइटिसबाट यति धेरैको मृत्यु भएको थियो।

मनसुनको समयमा बढी देखिने समस्यामा झाडापखाला पर्छ। यसका साथै ज्वरो, हैजा, टाइफाइड लगायतका रोग पनि देखिने गरेका छन्। हाल शुक्रराज अस्पतालमा सर्पको टोकाइका बिरामीहरु बढी छन्। त्यसका साथै डेंगु, झाडापखालाका बिरामीहरु फाटफुट रुपमा देखिएका छन्, धेरै भने छैन।

**डेंगु**

मनसुनको समयमा लामखुट्टेको संख्या निकै बढ्ने गर्छ। यसले विभिन्न रोग सार्छ। यस समय विशेष गरी डेँगुको जोखिम रहन्छ। लामखुट्टेलाई घरवरपर आउन नदिनका लागि सरसफाइमा ध्यान दिनुपर्छ। घरवरिपरिको वातावरण सफा राख्ने, खाल्डाखुल्डी पुर्नेलगायत काम गर्न सकिन्छ। त्यस्तै, लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गर्ने, शरीरमा मस्क्युटो रिपेलेन्ट लगाउने गर्नुपर्छ। फुल स्लिभ भएका कपडा लगाउनु राम्रो हुन्छ।

**ज्वरो**



ज्वरो विभिन्न रोगको लक्षण हुन सक्छ। मुख्यतः यस समय धेरैमा टाइफाइड हुने जोखिम रहन्छ। त्यहीकारण खानपानमा ध्यान दिन जरुरी छ। अत्यधिक ज्वरो आएमा नजिकको स्वास्थ्य संस्थामा गएर चेकजाँच गर्नुपर्छ।

**झाडा–पखाला**

झाडा-पखालाको मुख्य कारण दूषित पानी र खराब खानपान हो। दूषित पानीले विभिन्न संक्रमण फैलाउन सक्छ। वर्षाको समय ढल वा अन्य फोहोर मिसिएर पानीको मुहान फोहोर हुन सक्छ। जसले झाडा-पखालाको संक्रमण फैलाउने जोखिम रहन्छ। त्यहीकारण उमालेको वा निर्मलीकरण गरेको शुद्ध पानी मात्रै पिउनुपर्छ।

**फुड पोइजनिङ**

यस मौसममा देखिने अर्को समस्या फुड पोइजनिङको हो। त्यहीकारण बासी खाना, झिँगा भन्किएको वा दूषित खाना खानुहुँदैन। ताजा र राम्ररी पकाइएको खाना खानुपर्छ।

**मनसुनजन्य रोगबाट बच्ने उपाय**

यस्ता रोगहरुबाट बच्नका लागि पहिला यी रोग लाग्ने स्रोतहरुको पहिचान गर्नुपर्ने छ। पानीजन्य रोग लाग्न नदिनका लागि स्वच्छ, सफा र किटाणुसहित पानीको सेवन तथा डेंगुबाट जोगिन लामखुट्टेको टोकाइबाट जोगिन आवश्यक छ । त्यसका लागि लामखुट्टेको लार्भा नष्ट अभियान सरकारी स्तरबाट नै चलाउन आवश्यक रहेको छ । हावाजन्य रोगबाट बच्नका लागि घरबाहिर निस्किदा अनिवार्यरुपमा मास्क लगाउनुपर्छ।

**डेंगु नियन्त्रण कसरी गर्ने ?**

सरकारलाई विगतका वर्षहरुमा जस्तै लामखुट्टेको लार्भा नष्ट अभियान चलाउनुपर्ने हुन्छ।

नेपालीहरुमा डेंगु चेतावनीबारे व्यापक प्रचार प्रसार गर्न आवश्यक रहेको छ । नेपालीहरुमा डेंगुलाई हल्का रोगका रुपमा लिने प्रचलन छ। डेंगु भइसकेपछि पनि दैनिक कामलाई निरन्तरता दिँदै आफूखुसी औषधि खाने प्रचलन रहेको देखिन्छ । डेंगु भइसकेपछि चिकित्सकको परामर्शमा मात्रै औषधि खानुपर्छ भन्नेबारे व्यापक जनचेतना फैलाउनुपर्ने हुन्छ । चिकित्सकको परामर्श बिनाको औषधि सेवन घातक पनि हुनसक्छ।

सरकारले मनसुनजन्य रोगबारे जनचेतना बढाउनका लागि व्यापक काम गर्नुपर्ने हुन्छ। त्यसका साथै रोग बढेमा समयमै उपचारको व्यवस्थापन गर्नुपर्ने हुन्छ।

(सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनसँग लक्ष्मी चौलागाईंले गरेको कुराकानीमा आधारित)

# दुई हजार ३५० हेक्टरमा सुन्तला बगैँचा विस्तार



वालिङ । स्याङ्जामा दुई हजार ३५० हेक्टरमा सुन्तला बगैँचा विस्तार गरिएको छ । जिल्लामा आर्थिक वर्ष २०७३/०७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला जोन हुँदै सुपरजोनमा परिणत भएसँगै सुन्तला बगैँचा विस्तारले तीव्रता पाएको हो ।

परियोजना सुरु गर्ने बेलामा कूल ८८७ हेक्टर क्षेत्रफलमा सुन्तला बगैँचा थियो । हाल सो क्षेत्रफल करिब तीन गुणाले विस्तार भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ सुन्तला सुपरजोन स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीले जानकारी दिए । "आर्थिक वर्ष २०८०/०८१ सम्म दुई हजार २५० हेक्टर क्षेत्रफलमा सुन्तला बगैँचा थियो", उनले भने-"गत आवमा १०० हेक्टर क्षेत्रफलमा सुन्तला बगैँचा विस्तार भएको छ ।" परियोजनाले समूह सहकारी, कृषि फार्महरुमा आबद्ध कृषकलाई अनुदानमा सुन्तलाका बिरुवा, सिँचाइका सामग्री, निलोतुथो, खोप, विषादीलगायत सहयोग गर्ने गरेको छ ।

स्याङ्जामा २४ सहकारी संस्था, ८७ कृषक समूह, २५१ वटा निजी तथा व्यावसायिक फार्ममा सुन्तला बगैँचा विस्तार गरिएको छ । "स्याङ्जाका ११ स्थानीय तहमध्ये कालीगण्डकी गाउँपालिकाबाहेक सबैमा सुन्तला सुपरजोन सञ्चालनमा छ", उनले भने-"पुतलीबजार, भीरकोट, अर्जुनचौपारीमा तुलनात्मक रुपमा सुन्तला बगैँचाको क्षेत्रफल बढ्दो छ ।"

गत आव २०८१/०८२ मा सुन्तला बगैँचा रहेको क्षेत्रफलको ६० प्रतिशत बोटबाट उत्पादित सुन्तलाबाट रु एक अर्ब १२ करोडको आम्दानी भएको थियो । कूल क्षेत्रफलमध्ये ४० प्रतिशत क्षेत्रफलमा बिरुवा लगाइएको र उत्पादन नदिइसकेकाले आगामी दिनमा उत्पादन वृद्धि हुँदै जाने जनाइएको छ ।

यहाँ दश वर्षका लागि सुन्तला सुपरजोन परियोजना कार्यान्वयनमा रहने भनिएकामा यो अन्तिम वर्ष हो ।

# लुम्बिनी इन्टिग्रेटेड एकेडेमीमा रक्तदान



तिलोत्तमा । लुम्बिनी इन्टिग्रेटेड एकेडेमी र नेपाल नियमित रक्तदाता संघ, रुपन्देहीको आयोजनामा बिहीबार लुम्बिनी इन्टिग्रेटेड एकेडेमीमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । बुटवलमा पछिल्लो समय केही रक्त समूहको रगत अभाव भइरहेको अवस्थामा रक्तदान कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा बी.ए.एल.एल.बी. र बि.एस्सी.फरेष्ट्रीमा अध्ययनरत विद्यार्थी, शिक्षक र कर्मचारीहरुबाट ३१ पिन्ट रगत संकलन भएकृ थियो ।

रक्तदान कार्यक्रममा शुभकामना व्यक्त गर्दै तिलोत्तमा नगरपालिका वडा नं.३ का अध्यक्ष कल्याण पौडेलले कलेजले शैक्षिक गतिविधिसँगै सामाजिक हितको कार्यक्रम गरिरहेकोमा प्रशंसा व्यक्त गर्दै स्थानीय तहबाट आवश्यक साथसहयोग हुने बताए ।

कार्यक्रममा रक्तदाताहरुलाई नेपाल नियमित रक्तदाता संघ, रुपन्देहीका अध्यक्ष अशेष सिलवालबाट प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा बोल्दै एकेडेमीका कोअर्डिनेटर रामचन्द्र श्रेष्ठले कलेज नयाँ इन्टेकको भर्नाको क्रममा रहेको र नयाँ भर्नासँगै रक्तदाता विद्यार्थीको सङ्ख्या बढ्दै जाने उल्लेख गरे ।

लुम्बिनी इन्टिग्रेटेड एकेडेमी लुम्बिनी प्रदेशमा बि.एस्सी.फरेष्ट्री अध्यापन गर्ने एकमात्र कलेज हो । एकेडेमीमा पूर्वाञ्चल विश्वविद्यालयको बी.ए.एल.एल.बी. पनि अध्यापन हुन्छ ।

# लाखे नाच संरक्षणमा तानसेनका युवा



पाल्पा । लोप हुँदै गएको लाखे नाच संस्कृति जोगाउन तानसेनका युवा कस्सिएका छन् । केही वर्ष पहिलेसम्म मनोरञ्जन र परम्परा संरक्षणको दरिलो माध्यम बनेको लाखे नाच पुरानाहरूले बिर्सेपछि यसको संरक्षण गर्नका लागि स्थानीय युवा कस्सिएका हुन् ।

खास गरी नेवार समुदायमा प्रचलित लाखे नाच आधुनिकताको मारमा परी विलुप्त प्रायः हुन थालेपछि पाल्पाली नाट्य कला सांस्कृति समूहमा आबद्ध युवाहरु जोगाउन सक्रिय भएर लागेका छन् । लाखे नाच खास गरी घण्टाकर्णदेखि सुरु भई कृष्ण जन्माष्टमीसम्म नाच्ने परम्परा रहेको छ ।

मुखमा डरलाग्दो मुकुण्डो लगाएर दुईमध्ये एक जना लाखे र अर्को भुच्चा भएर नाचिने यो नाचमा लाखेले पछाडिपट्टि चौरी गाईको चमर र महिलाले लगाउने घाँघर, चोलो लगाउने गरेको पाइन्छ भने भुच्चाले पुरुष भेषमा पछाडिपट्टि मकैको पात वा कपडाको पुच्छर लगाउने गर्छन् ।

यहाँका युवाहरुले घण्टाकर्णकदेखि भगवती जात्रा (कष्ण जन्माष्टमी) को दिनसम्म हरेक दिन लाखे प्रदर्शन गर्ने समूहका अध्यक्ष किरण चित्रकारले बताए । "बाबु बाजेको परम्परा बिर्सिन थाल्यौं, त्यही भएर आफ्नो संस्कृति संरक्षणमा लागेका हौँ", चित्रकारले भने-"लाखे नाच विस्तारै लोप हुँदै जान थालेको छ ।" अभियानस्वरुप युवाहरु लाखे जात्रामा ढोल र झ्याम्टा बजाएर आफ्नो जातिको संस्कृति र रीतिरिवाज प्रदर्शन गरिरहेका छन् ।

"अरु समुदाय माझ नेवारी संस्कृति एकदमै लोकप्रिय छ, तर नेवार समुदायले नै संरक्षण गर्न सकिरहेका छैनौँ ।"-चित्रकारले भने । लाखे संरक्षणमा अन्य जातजातिले पनि उनीहरुलाई सहयोग गरेका छन् ।

लाखे नाचले नयाँ तथा पुराना पुस्तालाई आकर्षित गरेको छ । तानसेनको बसपार्क, हुलाकचोक, टक्सार, शीतलपाटी, नारायणस्थान, असनटोल, वसन्तपुरलगायतका स्थानमा लाखे नाच देखाइने योजना रहेको समूहका अध्यक्ष चित्रकारले बताए ।

केहीदशकअघिसम्म नेवार समुदायमा मात्र प्रचलित लाखे नाच नयाँ पुस्तामा हस्तान्तरण गर्न आवश्यक रहेको स्थानीय राजेन्द्र गोपाल सिंह बताउँछन् । उनले भने-"अहिले तानसेनमा नेवारसहित अन्य समुदायको बसोबास रहेको छ, यसको संरक्षण गर्न इच्छुकलाई सिकाउन आवश्यक छ ।"

हरेक दिन साँझ ६ बजेदेखि तीन घण्टा लाखे नाच देखाइने छ । काठमाडौँ उपत्यकामा प्रचलित लाखे नाच पाल्पासहित अन्य स्थानमा पनि विस्तार हुने क्रममा छ । तानसेनसहित नेवार बस्ती भएका रामपुर, सराई, हार्थोक, आर्यभन्ज्याङमा पनि लाखेनाच नाचिने परम्परा रहेको छ ।

### राजस्व...

लुम्बिनी प्रदेशबाट १७ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइएको छ । ती प्रतियोगितामा पदक जित्ने १७ जना खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सम्मान गरिएको छ ।

केन्द्रीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा लुम्बिनी प्रदेशले यस वर्ष तृतीय स्थान प्राप्त गर्दै उल्लेखनीय उपलब्धि हासिल गरेको छ । गत वर्ष प्रदेशले सो प्रतियोगितामा पाँचौं स्थान प्राप्त गरेको थियो । त्यस्तै, नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने १४८ जना खेलाडी, प्रशिक्षक र व्यवस्थापकहरूलाई सम्मान गरिएको छ । त्यसबाहेक, केन्द्रीय राष्ट्रपति रनिङ शिल्डमा ११५ जना खेलाडी, प्रशिक्षक र व्यवस्थापक सहभागी थिए । विपद् व्यवस्थापनमा राहत स्वरूप १ करोड २२ लाख ७७ हजार र पुनर्निर्माणमा ९३ लाख १५ हजार बराबरको सहयोग वितरण गरिएको छ । प्रदेशको आफ्नै क्लाउड र डिजास्टर रिकभरी सेवा विस्तारगरी कार्यान्वयनमा ल्याइएको छ ।

सञ्चार क्षेत्रमा पत्रकार दुर्घटना बिमा, छात्रवृत्ति र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ । शान्ति सुरक्षातर्फ स्वचालित नम्बर प्लेट पहिचान प्रणाली, ड्रोन क्यामरा, वाक थ्रु गेट खरिद गरी ट्राफिक व्यवस्थापन सुदृढ पारिएको छ । दमकल २ वटा खरिद गरेर आगलागी जन्य विपद् व्यवस्थापनमाप्रदेश सरकारले आफ्नो भूमिका बढाएको छ ।

**७ हजार बढी व्यवसाय दर्ता**

उद्योग, पर्यटन तथा यातायाततर्फ एक वर्षको अवधिमा एक वर्षमा उद्योग र वाणिज्य फर्म दर्ता ७ हजार ७ सय ८९ वटा उद्योग तथा फर्म दर्ता भएको प्रदेश सरकारले जनाएको छ । यसले निजी क्षेत्रको विकास र रोजगारी सिर्जनामा सकारात्मक संकेत देखाएको छ ।

प्रदेशभर विभिन्न स्थानमा १०५ वटा व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गरी २ हजार १ सय ८९ जनालाई आत्मनिर्भर र स्वरोजगारमुखी बनाइएको छ । त्यस्तै, गत वर्षका ४६५ जना र यस वर्षका १९७ जना, गरी कुल ६६२ जनालाई प्राविधिक तथा व्यावसायिक तालिम परिषद्बाट सीप परीक्षण गराई प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रदेश सरकारले उपभोक्ता तथा नागरिक सचेतनालाई पनि प्राथमिकतामा राख्दै ८ हजार ७ सय १६ जना विद्यार्थीलाई उपभोक्ता सचेतना कार्यक्रममा सहभागी गराएको छ । त्यसैगरी, ३ हजार ५ सय २८ जना विद्यार्थी तथा नागरिकलाई ट्राफिक नियम तथा दुर्घटना न्यूनीकरणसम्बन्धी चेतनामूलक कार्यक्रममा सहभागी गराइएको छ । प्रदेश सरकारले जनतालाई आत्मनिर्भर, उद्यमशील र सचेत नागरिक बनाउँदै समावेशी आर्थिक वृद्धि र सुरक्षित सामाजिक वातावरण निर्माणतर्फ दृढता देखाएको छ । उद्योग व्यवसायीलाई प्रवर्द्धन गर्न विभिन्न छुट सुविधा सहित प्रदेशमा लगानीको वातागरण सृजना गर्दै लगिएको छ ।

'घुम्न जाऔँ बर्दिया' कार्यक्रम, शालिग्राम महोत्सव र पाणिनी सम्मेलन सम्पन्न गरी लुम्बिनी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रचार-प्रसारमा सहयोग पुऱ्याइएको छ । यसबाट लुम्बिनी प्रदेश भ्रमण गर्न आउने पर्यटकहरुको संख्यामा वृद्धि भएको छ । भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनीको विकासकालागि प्रदेशको भूमिका बढाउन लुम्बिनी विकास प्राधिकरण गठनलाई सरकारले प्राथमिकतामा राखेको छ ।

**वन समृद्धिको आधार**

लुम्बिनी प्रदेश सरकारले कुल भू-भागको करिब ४३.७२ प्रतिशत क्षेत्र ओगटेको वन क्षेत्रलाई रोजगारी र आर्थिक समृद्धिको स्रोत बनाउने नीति अनुसार वन व्यवस्थापनका कार्यक्रमहरू प्रभावकारी ढंगले कार्यान्वयन गर्दै आएको छ । एक वर्षको अवधिमा वन क्षेत्रको संरक्षण, उपयोग र व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय प्रगति देखिएको छ । वन सम्बर्द्धन प्रणालीमा आधारित व्यवस्थापन १ लाख २१ हजार ४ सय ८५ हेक्टर क्षेत्रमा विस्तार गरिएको छ ।

बर्दिया जिल्लाको मधुवन नगरपालिका-१, २ र ३ नम्बर वडाका ६ हजार ७ सय ५६ घरधुरीलाई २ लाखको दरले सामूहिक जीवन बीमा गरिएको छ, जसले वन्यजन्तुसँगको द्वन्द्व व्यवस्थापनमा राहत प्रदान गर्ने अपेक्षा गरिएको छ । वन डढेलो नियन्त्रण तथा सतर्कताका लागि पूर्वतयारी स्वरूप यस वर्ष १०८ किलोमिटर फायर लाइन निर्माण गरिएको छ । साथै, ४०२ जना मौसमी हेरालु नियुक्त गरिएका छन् । बन डढेलोको समयमा प्रभावकारी प्रतिकार र समन्वयका लागि १३९ वटा बन डढेलो सञ्जाल स्थापना गरिएको छ । वन क्षेत्रबाट प्राप्त रोयल्टी गत वर्षको तुलनामा १४६.८८ प्रतिशतले वृद्धि भएको छ । यसले वन स्रोतको आर्थिक उपयोगमा प्रदेश सरकारको दृष्टिकोण परिणाममुखी बन्दै गएको संकेत गरेको छ ।

### लुम्बिनीका...

व्यवसायिक किसानहरुले समेत नक्कली मलले बजार जमाइरहेको भन्दै चिन्ता व्यक्त गर्दै आएका छन् । तर, सुरक्षा अधिकारी, कृषि कार्यालय, र सरकारले नै रोकतोकमा कुनै ध्यान नदिँदा बजारमा छ्याछ्याप्ती नक्कली मलको विगविगी बढेको छ ।

नक्कली मल बिक्रीका लागि लुम्बिनीका तराईका जिल्लाका भित्री गाउँगाउँ र साना बजारहरुमा डिलरहरु नै बनाइएको छ ।

नेपालमा बर्सेनि मल अभाव हुने भएकाले यही मौकामा केही व्यवसायिक घरना र तस्करहरुले मापदण्ड नभएको मल भित्र्याएर किसानहरुलाई ठगीरहेको स्वयं किसानहरुकै भनाई छ । अग्रवालले नक्कली मल नियन्त्रणका लागि अनुगमन प्रभावकारी बनाउन सरकारसँग आग्रह समेत गरेका छन् ।

किसानहरुका अनुसार अहिले गाउँ तथा बजारमा किसान गोल्ड, गोरखाली शक्ति रासायनिक मल, श्री किसान नवरत्न, एनपीएल सरदार मिश्रित दानेदार मल, शुभ सरदार, किसान शक्ति, किसान मल नामका मलहरु जहाँतही बिक्री भइरहेको छ ।

यी सबै मल भारतमा उत्पादित मल हुन् । यी मल मोहिनी ट्रेडर्स, सोमा एग्रो ट्रेडर्स, हरि एण्ड राज इन्टरप्राइजेज नामका सप्लार्य तथा कम्पनीले आयात गरिरहेका छन् ।

भैरहवा भन्सार कार्यालयका सूचना अधिकृत नरेन्द्रप्रसाद चौधरीले सरकारले आयात गर्ने रासायनिक मलबाहेक अन्य मल आयात नभएको बताए । उनले भने-'पछिल्लो वर्षको तथ्यांकमा कुनै ट्रेडर्सले मल आयात गरेको देखिँदैन । त्यसैले मल आयात भएको छैन ।'

लुम्बिनी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआइजी) राजेन्द्रप्रसाद भट्टले सीमा क्षेत्रमा कडाइ गरिएकाले अवैध मल आयात रोकिएको दाबी गरे । 'कुनै किसिमको अवैध मल आयात भएको छैन । हामीले नाकामा कडाइ गरेका छौं, नक्कली मलहरु भित्रिन नदिन सबै जिल्लालाई पुनः निर्देशन गर्छु ।'-उनले भने ।

सशस्त्र प्रहरी बल लुम्बिनी प्रदेशका प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षक (डीआइजी) दीपेन्द्र कुँवरले सीमा क्षेत्रमा अवैध बाटोबाट मल भित्रिने समस्या रहेको स्वीकार गरे । 'म प्रदेशमा आउँदाबित्तिकै अवैध बाटोबाट आएको मल रोकेको थिएँ, तर ठूलो विरोध भयो, कपिलवस्तुको बहादुरगंजमा मल किन रोकेको भन्दै भएको विरोधमा भीड नियन्त्रण लिनै हम्मेहम्मे पर्यो', उनले भने-'किसानले एकदुई बोरा मल ल्याउँदा किन रोकेको भन्ने कुरा आउँछ । वास्तविक किसानले एकदुई बोरा मल ल्याउँदा त्यती कडाई चाहिँ नगरेकै हो । मलकै कारोबारीलाई भने कडाइ गरिएको छ ।'

उनले नेपालमा पर्याप्त मल नपाउँदा समस्या भएको जनाए । भारतीय बजारबाट भित्रिने मल कति गुणस्तर छ भन्नेबारे आफूलाई जानकारी नहुने बताउँदै सबै नाकामा कडाइ गर्न आफूले यसअघि नै निर्देशन दिएको उनले बताए ।

'लुकीछिपी कसैले ल्याएको छ होला, तर मैले कडाइकासाथ अवैध बाटोबाट भित्रिएको मल रोक्न निर्देशन दिएको छु', उनले भने-'फेरि पनि यसबारे सबै जिल्लाका गणपति र बीओपीहरुलाई कडाई गर्न निर्देशन दिन्छु ।' उनले अवैध बाटोबाट हुने सबै कारोबार रोक्न सशस्त्र प्रहरी दत्तचित्त भएर लागिपरेको दाबी गरे ।

कृषि ज्ञानकेन्द्र, रुपन्देहीका प्रमुख शिव अर्यालले मल प्रयोग गर्दा खाद्यतत्व पूरा भएको प्रयोग गर्नुपर्नेमा जोड दिए । 'सरकारले आयात गर्ने मलमा बालीलाई चाहिने पोषकतत्त हुन्छ, यसले बालीलाई फाइदा गर्छ । तर, खुल्ला नाकाबाट आयातित मलमा नाइट्रोज, पोटासियमलगायतका तत्व कति छ भन्ने एकीन छैन', उनले भने-'त्यसैले यस्ता मल प्रयोग गर्दा सावधानी हुनुपर्छ ।'

कानुनसम्मत उत्पादित र सरकारी तहबाट आयत गरेका मल मात्रै प्रयोग गर्न उनले किसानलाई सुझाव दिए । परीक्षण नगरिएका मलहरु जथाभावी प्रयोग गर्न नहुने उनले बताए ।

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

दुर्गा वुढाको नाति, गोकुल वुढाको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, मालिका गाँउपालिका वडा नं. ०४ बस्ने शोभि राम वुढाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२१६३ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०३/२३ मा निज खातावाला शोभि राम वुढाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने कर्ण वहादुर वुढा मगरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक शोभि राम वुढाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेत सूचित गरिन्छ ।

गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९-५२१०२९
फ्याक्स :- ०७९-५२११९४

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

दहरसिंह टण्डनको नाति, जित वहादुर टण्डनको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, गुल्मीदरबार गाउँपालिका वडा नं. ०३ बस्ने ज्ञान वहादुर टण्डनले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३०२५ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०३/१७ मा निज खातावाला ज्ञान वहादुर टण्डनको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पने सिता देवी टण्डनले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक ज्ञान वहादुर टण्डनको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेतसूचित गरिन्छ ।

गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९-५२१०२९
फ्याक्स :- ०७९-५२११९४

**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम सूचना प्रकाशन मिति २०८२।०४।०९

यस सामुदायिक वन उपभोक्ता समूह क्षेत्र भित्र पर्ने सालझण्डी सुगुरेढुङ्गा सडक आयोजना अन्तर्गत परेका रुखहरु कटान गर्दा उत्पादन भएको साल, असना, जामुन, भलायो जातको गोलिया १७६.९२ क्यू.फि. काठ र साल मिश्रित दाउरा ०.६० चट्टा लिलाम विक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री ठुलाको हल सा.व.उ.स.,
रैनादेवी छहरा- ७, पाल्पा

**मध्यविन्दु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नवलपरासी(बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल**

**जग्गा खरिद सम्बन्धी सूचना !**

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०९

मध्यविन्दु नगरपालिका वडा कार्यालय वडा नं. ८ को लागि पूर्व पश्चिम राजमार्गको उत्तर तर्फ भागरा-मैनाघाट-गुहेरी- हुप्सेकोट पक्की सडक अन्तर्गत वडा कार्यालय भवनको पेरिफेरिमा ०-१-० (एक कठ्ठा) देखि ०-१-१० (एक कठ्ठा दश धुर) जग्गा सम्म बेचविखन गर्न इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (कार्यालय समय) भित्र सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट आफूले बेचविखन गर्न चाहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा, चालु आ.व. सम्म तिर्न बुझाउनु पर्ने सम्पूर्ण कर/तिरोका कागजातहरू र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी जग्गाको मूल्य कायम गरी सिलबन्दी प्रस्ताव पेश गर्नुपर्ने छ । उक्त पेश भएको प्रस्ताव ३१ औं दिन अपरान्ह ०२:०० बजे प्रतिनिधिको रोहबरमा नगरपालिका कार्यालयमा खोलिने छ । पेश भएका कागजातहरू छानविन गर्ने तथा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । अन्य जानकारीको लागि नगरपालिकाको खरिद शाखामा सम्पर्क राखी जानकारी लिन सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**अलपत्र पुलः**
भैरहवा-लुम्बिनी सडक खण्डमा अवस्थित दानव नदीको पुल। वर्षौंदेखि निर्माणको काम भए पनि अझैसम्म सम्पन्न हुन सकेको छैन। तस्विरः मोहम्मद हबिब/भैरहवा

# दुई वर्षको अवधिमा ६ सय ३७ उद्योग खारेज



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा उद्योग खारेज गर्ने संख्या बढ्दै गएको छ। घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा उद्योग व्यवसाय नयाँ दर्ता संख्याभन्दा खारेज गर्ने संख्या बढ्दै गएको हो।

जिल्लामा घरेलु कार्यालयमा ०८१।०८२असार मसान्तसम्म ७ सय ३ वटा उद्योग वाणिज्य फर्म व्यवसाय दर्ता भएकोमा जसमध्ये ३ सय ८० उद्योग र वाणिज्य फर्म गरी खारेज भएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका अधिकृत एवम् सूचना अधिकारी कृष्ण काफ्लेले जानकारी दिए।

उनकाअनुसार गत वर्ष ०८०/०८१ मा ९ सय ३७ वटा उद्योग व्यवसाय दर्ता भएकोमा २ सय ५७ उद्योग खारेज भएको सूचना अधिकारी काफ्लेले बताए। नवलपरासीमा दुई वर्षको अवधिमा ६ सय ३७ वटा उद्योग वाणिज्य फर्म खारेज भएको घरेलु तथा साना उद्योग कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

उद्योग वाणिज्य फर्म खारेज हुनुको प्रमुख कारण बैंकको चर्को व्याज तिर्न नसकेर र व्यवसायहरु नचलेको तथा आर्थिक मन्दीले उद्योग व्यवसाय खारेज गर्नेको संख्या वृद्धि भएको हो।

कार्यालयले ०८१/०८२ मा कुल राजस्व ८८ लाख १७ हजार ३ सय ६७ रुपैयाँ संकलन गरेको छ। गतवर्ष ०८०/०८१ असार मसान्तसम्म ८१ लाख ५८ हजार तीन सय ७० रुपैयाँ राजस्व संकलन भएको घरेलु तथा साना उद्योग कार्यालयले तथ्याडक उल्लेख गरेको छ। गतवर्षको तुलनमा यसवर्षको ८ प्रतिशत राजस्वमा संकलनमा वृद्धि देखिएको छ।

जिल्लामा यस वर्ष २०८१ र ०८२ को असार मसान्तसम्म ७ सय ३ वटा उद्योग र वाणिज्य व्यवासय दर्ता भएको छ। जसमा ३ सय १७ उद्योग र वाणिज्य ३ सय ८६ गरी ७ सय ३ वटा नयाँ उद्योग वाणिज्य फर्म दर्ता भएको कार्यालयले जनाएको छ। घरेलु तथा साना उद्योग कार्यालयमा गत बर्ष आठ सय ७८ वटा व्यवसाय नयाँ दर्ता भएका थिए।

सबैभन्दा बढी कृषि तथा पशुपालन फर्महरु दर्ता भएका छन् भने वाणिज्यतर्फ किराना तथा खाद्यान्न बिक्री पसलहरु धेरै दर्ता भएका छन्। व्यवसाय दर्ता गर्ने व्यवसायीहरु गत वर्षभन्दा यस वर्ष कम देखिएको छ।

# बानेथोक भञ्ज्याङ्का घरघरमा धारा



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको भीरकोट नगरपालिका-३ बानेथोक भञ्ज्याङ्की पूर्णकला एसके उमेरले ५५ पुगिन्। ५५ वर्षको उमेर कटाएकी एसकेलाई पानीको चिन्ताले कहिल्यै छाडेन। छोराछोरी हुर्केबढे, दुःख सुख कमाइ खाने भए पनि उनलाई पानीको पिरलो थियो नै। बिहान सबेरै पानी बोक्न खोल्साखोल्सी र कुवा खोज्दै हिंड्नुपर्ने बाध्यता पछिल्लो समय हटेर गएको उनले सुनाइन्।

एसकेको त्यो चिन्ता र पिरलो सानो खोल्सा लिफ्टिङ खानेपानी योजनाले अन्त्य गरिदिएको छ। अहिले घरघरमा मिटरसहित धारा जडान भएपछि उनी खुशी छिन्। स्थानीय ४७वर्षीय सीता दमै पानी बोक्ने दुःखका दिन सम्झदै भन्छिन्-'पहिले अतिनै गाह्रो थियो, डोकोमा पानी बोकेर एक घण्टासम्म पैदल हिंड्नु पर्थ्यो अहिले त आँगनमै पानी थाप्न पाइएको छ।'

योजनाबाट बानेथोक भञ्ज्याङ्का १ सय ५० घरपरिवारका झण्डै ५ सय सदस्यमा खुशी छाएको छ। गण्डकी प्रदेश सरकार, भीरकोट नगरपालिका र जनश्रमदानबाट सानो खोल्सा लिफ्टिङ खानेपानी योजना सम्पन्न भएपछि गाउँका करिब १ सय ५० घरधुरीमा शुद्ध खानेपानीको सुविधा पुगेको छ।

गाउँमा पानी वितरण गर्न ५ वटा टंकी निर्माण गरिएको छ। १५ हजारका ३ वटा, २५ हजार र अर्को ३० हजार लिटर क्षमताका पानी टंकी निर्माण भएका छन्। भीरकोट नगरपालिकाका नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले खानेपानी योजना सम्पन्न गर्न ७ वर्ष लागेको सुनाए। उनले भने- 'भञ्जाङ्मा अधिकांश दलित र जातजातिको बाक्लो बस्ति छ, योजनाबाट उनीहरु नै लाभान्वित भएका छन्।'

नगरप्रमुख कर्माचार्यले सानो खोल्सा लिफ्टिङ आयोजना पालिकाको गौरवको आयोजना भएकाले प्राथमिकताका साथ बजेट विनियोजन गरेको बताए। आर्थिक र प्राविधिक कारणले ढिला भए पनि स्थानीयको खानेपानी समस्या समाधान गर्न आफूहरु सफल भएकामा कर्माचार्य पनि उत्तिकै खुशी छन्। २ सय मिटर भर्टीकल र ७ सय ५० मिटर होरिजेन्टल उचाइमा सानो खोल्सा मुहानबाट पानी लिफ्टिङ गरेर गाउँमा वितरण गरिएको छ।

भीरकोट नगरपालिकाले २०७५ सालमा सुरु गरेको योजनामा नगरपालिकाको करिब १ करोड लगानी भएको नगरपालिकाका योजना शाखा प्रमुख यामप्रसाद रेग्मीले बताए। गौरवको आयोजना भएकाले ७ वर्षसम्म निरन्तर बजेट विनियोजन गरेको योजनामा प्रदेश सरकार र स्थानीयको जनश्रमदान गरी झण्डै २ करोड लगानी भएको रेग्मीले जानकारी दिए।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयद्वारा ६ करोड ७० लाख बजेट लाग्ने अनुमान गरिएको योजना स्थानीय सरकारले करिब २ करोडमै सम्पन्न गरेको छ। निवर्तमान नगर प्रमुख छायाँराम खनालले बजेट लागतअनुमान धेरै भएपछि समयमा सम्पन्न नहुने ठानेर स्थानीय सरकारकै पहल र लगानीमा खानेपानी योजना सुरु गरेको सुनाए।

खानेपानी कार्यालय र नगरपालिकाको पहलमा बानेथोककै सानीचौर दलित बस्तीका करिब ६० घरपरिवारमा खानेपानीको सुविधा पुऱ्याएको वडाध्यक्ष केशरबहादुर खड्काले बताए।

एक आधारभूत विद्यालय र ६० घरपरिवार दलित बस्तीले भोग्दै आएको सास्तीलाई सानीचौर खानेपानी योजनाले अन्त्य गरेको खड्काले जानकारी दिए।

# १७ जनाले लिए गैरआवासीय नागरिकता

पाल्पा। पाल्पाबाट एक वर्षमा १७ जनाले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेका छन्।

जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा १७ जनाको गैरआवासीय नेपाली नागरिकता जारी गरिएको हो। उनका अनुसार 'नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८०' लागू भएपछि गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्रको नयाँ व्यवस्था सुरु भएको थियो।

"सम्बन्धित वडाको सिफारिससहितको निवेदन, नेपाली नागरिकता त्याग गरेको प्रमाण/नेपाली नागरिकताको प्रमाणपत्र, विदेशी मुलुकको नागरिकता वा नागरिक भएको प्रमाण, हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपिसहितका कागजात पेस गरेमा सम्बन्धित प्रशासन कार्यालयबाट गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने व्यवस्थाअनुसार गैरआवासीय नेपाली नागरिकता प्रदान गरिएको हो।"- प्रजिअ सुवेदीले भने।

गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रको हकमा राजनीतिक तथा प्रशासनिक अधिकारबाहेक सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने व्यवस्था रहेको उनले जानकारी दिए। उनले भने- "गैरआवासीय नागरिकताको बारेमा चासो राख्दै विदेशमा रहेका नेपाली तथा उहाँहरूका आफन्त कार्यालयमा आउने गर्नुभएको छ।"

प्रजिअ सुवेदीका अनुसार यो नागरिकता लिन वडाको सिफारिस लिई अनुसूचीमा उल्लेखित फाराम भरी प्रमुख जिल्ला अधिकारीबाट शपथग्रहण गर्नुपर्ने व्यवस्था छ। "नेपाली नागरिकता त्याग गर्नुपर्छ।

तोकिएको ढाँचामा फाराम भरेपछि गैरआवासीय नेपाली नागरिकता जारी हुन्छ। अरूको नागरिकताको किसिममा वंशज हुन्छ भने एनआरएनएको हकमा गैरआवासीय नेपाली लेखिन्छ।"-उनले भने।

नागरिकता सार्क मुलुकबाहेकका गैरआवासीय नेपालीले पाउँदै आएका उनले जानकारी दिए।

जिल्ला प्रशासन कार्यालय पाल्पा र इलाका प्रशासन कार्यालय रामपुरबाट एक आर्थिक वर्षमा १८ हजार नौ सय ६२ वटा वंशजका आधारमा नागरिकता जारी भएका प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए।

उनले यी दुई कार्यालयबाट छ हजार ९९८ वटा नागरिकता प्रमाणपत्रको प्रतिलिपि जारी भएका जनाउँदै जिल्ला प्रशासनबाट १७ जनाले नागरिकता त्याग गरेका र १२ जनाले वैवाहिक अङ्गिकृत नागरिकता लिएका उल्लेख गरे।

# देवदहमा ६२ मुद्दा फछ्र्यौट

देवदह। देवदह नगरपालिका न्यायिक समितिले यस आर्थिक वर्ष २०८१/०८२ मा ६२ वटा मुद्दा फछ्र्यौट गरेको छ। न्यायिक समितिले आर्थिक वर्ष २०८०/०८१ मा २४ वटा मुद्दा र आर्थिक वर्ष २०८१/०८२ को ६५ वटा मुद्दामध्ये ६२ वटा न्यायिक समितिमा दर्ता भएको मुद्दा फछ्र्यौट भएको न्यायिक समितिका संयोजक तथा उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गले जानकारी दिइन्।

पालिकाको उपाध्यक्ष संयोजकत्व संयोजक रहने गरी ३ सदस्यीय न्यायिक समिति गठन गर्न संविधानले अधिकार दिएको छ। आर्थिक वर्ष २०८०/०८१ को २४ वटा मुद्दा र आर्थिक वर्ष २०८१/०८२ को ६५ वटा मुद्दा गरी ८९ वटा मुद्दामध्ये ६२ वटा मुद्दा फछ्र्यौट भएको संयोजक गुरुङ्गले जानकारी दिइन्।

संयोजक गुरुङ्गका अनुसार २८ वटा मुद्दा मेलमिलापको माध्यमबाट मिलापत्र गरिएको, २९ वटा मुद्दा जिल्ला अदालत जान आदेश दिइएको र ५ वटा मुद्दाको उजुरी फिर्ता गराइएको छ। देवदह नगरपालिकाको न्यायिक समितिमा जग्गा खिचोलो, आर्थिक लेनदेन, साँध किल्ला, अंश बण्डा, नामसारी, घरेलु हिंसा, मानाचामल, कुटपिट, अभद्र व्यवहार, सम्बन्धविच्छेद, हक कायम, विवाह दर्ता, नागरिकता, जन्मदर्ता जस्ता मुद्दाहरु आउने गरेको उनले जानकारी दिइन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ उपदफा १ बमोजिकको १३ प्रकार र उपदफा २ बमोजिमको ११ प्रकारका मुद्दा फछ्र्यौट गर्न पाउने संविधानले न्यायिक समितिलाई अधिकार दिएको उप-प्रमुख गुरुङ्गले उल्लेख गरिन्।

देवदह नगरपालिकाको न्यायिक समितिमा दर्ता भएको ८९ वटा मुद्दामध्ये २७ वटा मुद्दा प्रक्रियामा रहेको र यस आर्थिक वर्ष २०८२/०८३ मा फछ्र्यौट गर्ने गरी काम भइरहेको उनले जानकारी दिइन्।

उपप्रमुख गुरुङ्गका अनुसार न्यायिक समितिमा दर्ता भई यस आर्थिक बर्षमा फछ्र्यौट नभएका मुद्दाहरु केही मेलमिलापको चरणमा रहेको, केही म्याद तामेलीको प्रक्रियामा रहेको केही छलफलको चरणमा रहेका छन्।

देवदह नगरपालिका न्यायिक समितिमा दर्ता भएका मुद्दाहरु अधिकांश मेलमिलापको माध्यमबाट फछ्र्यौट गर्ने गरेको उनले जानकारी दिइन्। संविधानले दिएको अधिकारअनुसार न्यायिक समितिमा परेको मुद्दा हेर्ने गरेको जानकारी दिँदै केही मुद्दा चुनौतीको रुपमा रहेको संयोजक गुरुङ्गले बताइन्।

न्यायिक समितिमा मुद्दा दर्ता गराएर अन्यत्र हिंड्ने गरेको, सम्पर्क नम्बर परिवर्तन गर्ने गरेको, मेलमिलापको लागि बोलाउँदा अफठ्यारो मान्ने गरेको समस्या रहेको उनले जानकारी दिइन्। संयोजक गुरुङ्गका अनुसार पहिलो चरणमा मेलमिलाप केन्द्रमा पठाउने गरेको र मेलमिलाप केन्द्रमा सहमति नभए न्यायिक समितिमा बोलाएर सहमतिको लागि छलफल गराउने गरिएको छ।

देवदह नगरपालिकाको १२ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरी व्यवस्थापन गरिरहेको जानकारी दिँदै उनले नगरमा अहिले ९४ जना मेलमिलापकर्ताहरुले काम गरिरहेको जानकारी दिइन्। न्याय सम्पादनमा देवदह नगरपालिका अग्रणी रहेको बताउँदै उनले गत वर्ष देवदह नगरपालिका जिल्लामा उत्कृष्ट भएको बताइन्।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु।
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुरयाऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं।
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
- रातको समयमा बुट लगायर टर्च लाईट बालेर मात्र हिडौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगायर खाटमा मात्र सुतौं।
सर्पको टोकाइबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com